# ‘रास्वपाप्रति जनताले देखाएको उत्साहले पुराना पार्टीहरुलाई ज्वरो आउँछ’

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
कपिलवस्तु, १२ फागुन



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले कपिलवस्तुको खुला सभामा जनताले देखाएको उत्साहले अब पुराना पार्टीहरुलाई ज्वरो आउने बताएका छन् । रास्वपा कपिलवस्तुले आयोजना गरेको खुला सभालाई सम्बोधन गर्दै सभापति लामिछानेले देशले चिनेका नभए पनि रास्वपासँग देशलाई चिनेका एक-एक असल मान्छे रहेको बताए । उनले जनताका कुरा स्पष्ट राख्न सक्ने मान्छे रास्वपाबाट सांसद बनेको बताए ।

उनले घण्टीको आवाज सदनमा पनि जोडदार बज्ने गरेको र अब यतिले मात्र नपुग्ने भन्दै कपिलवस्तुका जनतालाई आउँदो निर्वाचनमा घण्टी बजाउने सासंद पठाउन अनुरोध गरे । सभापति लामिछानेले भने, ‘जबसम्म हामी राम्रो काम गर्छौं हाम्रो समर्थन गर्ने र गलत गर्दाका दिन हामीलाई कपिलवस्तु छिर्न नदिने हो । जनताले यसरी सोच्नुपर्छ । घण्टी तबसम्म बजाउनुस् जबसम्म हामी इमानको राजनीति गर्छौं ।’

आफूलाई माया गर्ने देशभरका जनतालाई भेट्न देशभर दौडिएको भन्दै उनले समाचारमा आउने हेडलाइन र आरोपले केही पनि असर नगर्ने बताए । ‘म देशभरिका बा-आमासँग शीर निहुराउन जानेको छु, तर कोठामा बसेर कसैले षड्यन्त्र गरेको भए त्यो भण्डाफोर पार्न र त्यसको हिसाब पनि राख्न जानेको छु,’ उनले भने, ‘यो शीर तमाम बा-आमाहरुले आशिर्वाद दिएको शीर हो, कसैले छेदन गर्न खोज्दैमा केही असर पर्नेवाला छैन । हामी असल उम्मेदवार लिएर आएका छौं, अब घण्टी बजाउँछौं । अब देशमा कसैले भोको पेट बस्न नपरोस्, कसैका छोराछोरी शिक्षाबाट बञ्चित हुन नपरोस्, कोही स्वास्थ्य उपचारबाट बञ्चित हुन नपरोस्, यही संकल्प लिएर हिडेका छौं ।’

हिजो कांग्रेसले एमालेलाई, एमालेले कांग्रेसलाई वा माओवादीले कांग्रेस एमालेलाई गाली गरेर समय खेर फालेको भन्दै उनले अहिले सबै मिलेर रास्वपालाई कमजोर पार्ने काममा लागिरहेको आरोपसमेत लगाए ।

जति घेराबन्दी र चरित्र हत्या गर्न खोजिएको छ, त्यसको हिसाब अब नेपाली जनताले दिने भन्दै उनले भने, ‘एउटा सामान्य सञ्चारकर्मी र सामान्य मान्छेलाई सारा नेपालीको माया मिलेको छ, मलाई यति भन्दा केही चाहिएको छैन, अब यही पुँजीलाई जोगाएर आउँदो निर्वाचनमा रास्वपाको नेतृत्वको सरकार बनाउने छौं र ३४ वर्षसम्म देश कसरी कसले लुट्यो एक-एक हिसाब निकाल्ने छौं ।’

# उपचारबाट वञ्चित बालकलाई आर्थिक सहयोग



लमजुङ/मस-लमजुङ बेसिशहर नगरपालिका ११ चिति रामचोक बेसिका उपचारबाट वञ्चित ५ वर्षीय बालक युवराज वि.कलाई आर्थिक सहयोग गरिएको छ । एम. आर. एड्भरटाईजङ्ग एजेन्सीका प्रबन्ध निर्देशक राजेन्द्र प्रजापतिले विभिन्न व्यक्तिहरुबाट संकलित ५८ हजार ७ सय ७० रुपैयाँ बालकको घरमै पुगेर हस्तान्तरण गरेका हुन् । २०७८ सालमा लडेर खुट्टा भाँचिएका बालकको आर्थिक अभावका कारण उपचार हुन सकेको थिएन । सहयोग हस्तान्तरणमा बेसीशहर नगरपालिका ११ का वडा सदस्य विजय राज सेढाई, कन्यादेवी युवा क्लबका अध्यक्ष पारस कुमार श्रेष्ठ, सपोर्ट मिडिया प्रा. लि.का अध्यक्ष राकेश श्रेष्ठ, समाजसेवी राजेश श्रेष्ठ, अर्जुन राज अर्जुन सेढाई, ऋषिराज सेढाई र नबिन परियार लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो ।

यस्तै युवराजको अवस्था बुझेपछि राष्ट्रिय ट्रमा सेन्टरले नि:शुल्क उपचार गर्ने आश्वासन दिएका एम. आर. एड्भरटाईजङ्ग एजेन्सीका प्रबन्ध निर्देशक प्रजापतिले जानकारी दिए ।

# बालविवाह न्यूनीकरणका लागि सडक नाटक

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, १२ फागुन




स्थानीय स्तरमा हुने बालविवाह, घरेलु हिंसा तथा सामाजिक सञ्जालबारे सचेतना जगाउने उद्देश्यले कालीकोटको ग्रामिण क्षेत्रमा बालविवाहविरुद्धको सडक नाटक सम्पन्न भएको छ । युरोपियन युनियनको प्लान इन्टरनेशनल फेडो नेपाल कालीकोटको आर्थिक सहयोग, कर्णाली हट बोर्डिङ स्कुल कालीकोटको सहकार्य तथा सामुदायिक प्रहरी सेवा केन्द्र कालीकोटको आयोजनामा प्रतिमा चोक नजिकै सडक नाटक प्रर्दशन गरिएको थियो ।

पछिल्लो समयमा बालविवाह, घरेलु हिंसा तथा सामाजिक सञ्जालबाट हुने घटनाहरु बढ्दै गएकाले त्यसको न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रमले एकदमै महत्वपूर्ण भूमिका खेल्ने जिल्ला प्रहरी कर्यालय कालीकोटले जनाएको छ ।

जिल्लामा बढ्दो बालविवाहका विरुद्ध सचेत गराउने उद्देश्यले प्रस्तुत गरिएको सडक नाटकमा सानो उमेरमा विवाह गर्दा बालबालिकाहरु शिक्षाबाट वञ्चित हुने, घरेलु हिंसामा पर्ने र स्वास्थ्यमा गम्भीर असर पार्नेजस्ता विषयहरु समेटिएका थिए । सडक नाटक कार्यक्रम समापन गर्दै प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले बालविवाह गर्नु कानूनी अपराध भएकाले यस्ता सडक नाटकले बालविवाहमा कमी ल्याउन सहयोग पुग्ने बताए ।

# लमजुङ सेवा समाज कतारले पायो नयाँ कार्यसमिति, नेतृत्वमा बसौला सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १२ फागुन



कतारमा स्थापित सामाजिक संस्था लमजुङ सेवा समाज कतारको पन्ध्रौं अधिवेशन सम्पन्न भएको छ । दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट आगामी एक कार्यकालका लागि विनोद प्रसाद बसौलाको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ ।

कार्यसमितिको प्रथम उपाध्यक्षमा कल्याण थापा, द्वितीय उपाध्यक्षमा विनोद थापा मगर, महिला उपाध्यक्षमा कमला गुरुङ, महासचिव रवीन्द्र भण्डारी, सचिव प्रशान्त कुमार, कोषाध्यक्ष-राज श्रेष्ठ र सह-कोषाध्यक्ष रवीन्द्र घिमिरे सर्वसहमत चयन भएका छन् ।

त्यस्तै कार्यसमिति सदस्यहरूमा नारायण अधिकारी, वासुदेव पाण्डे, पवन थापा मगर, खुसी मिया र कुमारी गुरुङ निर्वाचित भएका छन् ।

बेसिशहर नगरपालिका संयोजकमा परशुराम थापा, मध्य नेपाल संयोजकमा जनक कार्की, राइनास नगरपालिका संयोजकमा देव बहादुर अधिकारी, दोर्दी गाउँपालिका संयोजकमा रामचन्द्र अधिकारी, क्व्होसोथार गाउँपालिका संयोजकमा फगेन्द्र गुरुङ, मर्स्याङ्दी गाउँपालिका संयोजकमा टेक बहादुर गुरुङ, दूध पोखरी गाउँपालिका संयोजकमा कृष्ण गुरुङ चयन भएका छन् ।

शुक्रबार सनैयामा अवस्थित फुलवारी रेस्टुरेन्टको सभा हलमा समाजका अध्यक्ष सिताराम थापाको अध्यक्षता तथा गण्डकी प्रदेश समन्वय परिषद् कतारका अध्यक्ष सागर पौडेलको प्रमुख आतिथ्यतामा खुल्ला सत्र सम्पन्न भएको थियो । अधिवेशनमा कतारमा स्थापित विभिन्न वैचारिक, सामाजिक जिल्ला संस्थाका प्रमुख तथा प्रतिनिधि,बुद्धिजीवी,कलाकार पत्रकारहरूको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो ।

शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि पौडेलले लमजुङ समाज कतारमा स्थापित गण्डकी प्रदेशको खम्बाको रूपमा रहेको बताए । पौडेलले मिलेर समाजमा पृथक काम गर्दै अगाडि बढ्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा आफ्नो कार्यकाल कुशलतापूर्वक सम्पन्न गरेको भन्दै समाजका निवर्तमान अध्यक्ष सिताराम थापालगायतका टिमलाई बिदाइ ज्ञापन गरिएको थियो । समाजले लमजुङमा विभिन्न सामाजिक कार्य गर्दै आएको छ ।

गैरआवासिय नेपाली ताराका विजेता रुस्तम तामाङ र नृत्य विद्याकी विजेता निरु श्रेष्ठलाई सम्मान गरिएको थियो भने कुमारी गुरुङ, कमला गुरुङ, मगंल वि.क र पूर्व अध्यक्ष नवराज नखोलालाई दोसल्ला ओढाएर सम्मान पत्रसहित सम्मान गरिएको थियो । समाजले आयोजना गरेका विभिन्न कार्यक्रममा विभिन्न तह र तप्काबाट सहयोग गरेका विभिन्न संस्था, कलाकार तथा पत्रकार हरूलाई कृतज्ञता पत्रद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा सुमी गुरुङ, टल्की तामाङ, बाबु कौशल, देव विश्वकर्मा, राजकुमार महर्जन, पदम सेन्चुरी लगायतका कलाकारहरूले आफ्नो गायन तथा नृत्य पेस गरेका थिए ।

समाजका प्रथम उपाध्यक्ष विनोद प्रसाद बसौलाले स्वागत मन्तव्य राखेको कार्यक्रमको सहजिकरण तथा कार्य प्रगति प्रतिवेदन पेस महासचिव विनोद थापाले गरेका थिए । सभापति थापाले आफ्नो कार्यकालमा ठूला-ठूला काम नसकेता पनि भावनाको हिसाबले सामाजिक सेवा गर्ने मन र सहयोगी हातहरू अथाह कमाएको आभास भएको बताए । पदीय कार्यकाल सकिएपनि सामाजिक सेवाको लगाव कहिले न घट्ने प्रतिबद्धता व्यक्त गर्दै खुल्ला सत्रको समापन गरेका थिए ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०९/०६ मा दर्ता भएको **प्रा लि नं ५८७०९/२०६५/०६६** को **त्रिवेणी डिजिटल रेकर्डिङ स्टुडियो प्रा.लि.**को मिति २०८०/११/१२ मा सम्पन्न बिशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**


# आगलागीमा एक घर जलेर नष्ट

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १२ फागुन

जुम्लाको पातारासी गाउँपालिकामा आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ । जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी निरीक्षक यमबहादुर बुढाका अनुसार पातारासी गाउँपालिका २ तल्फि गाउँ निवासी कलसिंह सार्कीको दुईतले ढुंगामाटोले बनेको घरमा आगलागी भएको हो ।

जिल्ला प्रहरी कार्यालय जुम्लाका अनुसार शुक्रबार राति साढे ११ बजे सो घरमा आगालागी हुँदा अन्दाजी ४१ लाख १५ हजार रुपैयाँ बराबरको क्षति भएको छ । रातभर स्थानीय र प्रहरीले आगो नियन्त्रणमा लिएका थिए । आगलागी के कारणले भयो भन्ने बारेमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले बताएको छ ।

आगलागीमा मानवीय क्षति भने नभएको प्रहरीले बताएको छ । गाउँपालिकाकी उपाध्यक्ष जनमाया रोकाया घरभित्र सुतिरहेका दुई जना ज्येष्ठ नागरिक र बालबालिकालाई गाउँका युवाहरुले उद्धार गरेको जानकारी दिइन् ।

## लिखु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**यसम, ओखलढुंगा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८०/११/१३**

यस कार्यालयबाट मिति २०८०/०९/०२ तथा २०८०/१०/०९ गतेमा www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ.कर र P.S. बाहेक) |
|---|---|---|---|
| LRM/NCB/ROAD /2080/81-03 | Construction of Blacktop Road and Drain of Bichariahal Kutidanda Road at Likhu Rural Municipality-2, Okhaldhunga | Singhadevi-Jimba JV, Manthali-1, Ramechhap | 1,77,47,442.06 |
| LRM/NCB/ WATERSUPPLY /2080/81-01 | Supplying and Laying of Water Supply GI Pipes at Likhu Rural Municipality Ward no.1&2, Okhaldhunga | Simana Nirman Sewa Pvt.Ltd., Lokanthali Bhaktapur | 47,58,200.01 |

**प्रमुख प्रशासकीय अधिकृत**

## नेपाल सरकार
## वन तथा वातावरण मन्त्रालय
**सिहदरवार, काठमाडौं**

**लुम्बिनी प्रदेश बर्दिया जिल्लाको गुलरिया नगरपालिका बार्ड नम्बर १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० लाई प्रत्यक्ष प्रभावित पार्ने गरी श्री जलस्रोत तथा सिँचाइ विभाग, बबई सिँचाइ आयोजनाद्वारा निर्माणका लागी प्रस्तावित बबई सिँचाइ आयोजनाको पश्चिम मूल नहर (चेनेज २८+००० देखी ४१+२००), शाखा/प्रशाखा नहर निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा रायं सुझावको लागि आह्वान गरिएको सम्वन्धमा ।**

### सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/११/१३**

प्रस्तावक श्री जलस्रोत तथा सिँचाइ विभाग, बबई सिँचाइ आयोजनाद्धारा निर्माणका लागी प्रस्तावित बबई सिँचाइ आयोजनाको पश्चिम मूल नहर (चेमेज २८+००० देखी ४१+२००), शाखा/प्रशाखा नहर निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन प्राप्त भएको छ ।

प्रस्तावित सिँचाइ आयोजनाका विभिन्न संरचनाहरुको निर्माणका लागि जम्मा ३८०.३९ हेक्टर (स्थायी ३७४.४८ हेक्टर र अस्थायी ५.९१ हेक्टर) जग्गा आवश्यक पर्ने जसमा स्थायी रुपमा निजी स्वामित्वको ३७४.२७ हेक्टर र सामुदायिक वन क्षेत्र ०.२१ हेक्टर र अस्थायी ५.९१ हेक्टर निजी स्वमित्वको प्रयोग गरिनेछ ।

आयोजनाबाट प्रभाव पर्ने जिल्ला/नगरपालिका/ गाउँपालिका:

| | |
|---|---|
| प्रभाव क्षेत्रमा पर्ने जिल्ला/न.पा./गा.पा. | लुम्बिनी प्रदेश बर्दिया जिल्लाको गुलरिया नगरपालिका वार्ड नम्बर १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० |

प्रस्तावित सिँचाइ आयोजनाले बबई नदीको स्रोत प्रयोग गरी ६,१०७ हेक्टर कमाण्ड क्षेत्रमा सिँचाइ पुर्याउने लक्ष्य लिएको छ । मूल नहर (चेनेज २८०००० देखी ४१+२००) को लम्बाई १३.२ किलोमिटर मूल नहरको बेडको चौडाइ १.२ मिटरदेखी ४ मिटरसम्म र क्षेत्राधिकार ५ मिटरदेखी ४३ मिटरसम्म रहने र डिजाइन डिस्चार्ज ६.६५४ देखी ०.३८ क्यूमेकसम्म र बेडको उचाइ १४७.१ मिटरदेखी १३४.७ मिटरसम्म रहने गरि प्रस्ताव गरिएको छ । बलेपुर्वा शाखा १.५ किलोमिटर, चौबुर्जी शाखा ३.१ किलोमिटर, पदमपुर शाखा ४.९ किलोमिटर, तुलापुर शाखा १ किलोमिटर, घुम्नाहा शाखा ४.४५ किलोमिटर, हसनपुर शाखा २.५ किलोमिटर, कालाबन्जर शाखा ०.७५ किलोमिटर, सोनापुर शाखा ३.५ किलोमिटर, सुहेलवा शाखा ४.१ किलोमिटर र थपुवा शाखा ५.७५ किलोमिटर लम्बाई रहने र प्रशाखा नहर १४९ वटा र Field outlets ५४९ वटा रहनेछन् ।

आयोजनाका थप संरचनाहरुमा एक्वीडक्टस १ वटा इस्केप ३ वटा स्पिलवे ४ वटा Weir २ वटा बक्स कल्भर्ट १९६ वटा Village road brifge २४ वटा Drain Under Pass ३ वटा रहनेछन् भने यस आयोजनाबाट लाभन्वित घरपरिवार १२,४३८ रहनेछन् भने विद्यमान खेतीको सघनतालाई १६० प्रतिसतवाट २२७ प्रतिसत पुर्याउने भनि प्रस्ताव गरिएको छ ।

अत: वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढन वा उतार गरी लैजान पाउने व्यबस्था रहेकोले श्री जलस्रोत तथा सिँचाइ विभाग, बबई सिँचाइ आयोजनाद्वारा निर्माणका लागी प्रस्तावित बबई सिँचाइ आयोजनाको पश्चिम मूल नहर (चेनेज २८,००० देखी ४१+२००), शाखा/प्रशाखा नहर निर्माण आयोजना प्रस्तावको बातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको Website: www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदन सम्वन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिनभित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:-**

श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाण्डौ ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर । (हाल मुकाम: सानोठिमी भक्तपुर)
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाण्डौ ।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरवार, काठमाण्डौ ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, कुसुन्ती, ललितपुर । (फोन नं. कुसुन्ती-५५५५४५४, महाराजगंज-४४१५३७६) श्री जिल्ला समन्वय समितिको कार्यालय, गुलरिया, बर्दिया ।
श्री गुलरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बर्दिया ।

**राय सुझाव पठाउने ठेगाना,**
वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव अध्ययन शाखा, सिंहदरवार, काठमाडौं ।
फो.नं. ०१-४२११५६७, ४२११६३८ फ्याक्स नं. ०१-४२११८६८
Email: info@mofe.gov.np


## KUWAIT मा वैदेशिक रोजगारको अवसर

**कम्पनी: PROPAINTERS FOR PAINTS AND DECORATION MATERIALS COMPANY** **शहर: Kuwait**
**पूर्व स्वीकृत मिति: २०८०/०७/१८** **चलानी नं.: ६०२०९७९७** **LT. No.: 293393** **पून विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painters | 6 | 0 | स. काममा दक्ष | 120 | ५१,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २० गते (3 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com